# ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि.
# Grameen Bikas Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था

**प्रधान कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही**

**फोनः** ०७१-४३८९५१, ४३८९२९, ४३८९५३ **फ्याक्सः** ०७१-४३८९५४

**Email: info@gblbs.com.np, URL: www.gblbs.com.np**


## Core Banking System (CBS) सफ्टवेयर खरिद गर्ने बारेको शिलबन्दी बोलपत्र आह्वानको सूचना

सूचना नं. ०१/०७७/०७८

प्रथम पटक सूचना प्रकाशित मिति : २०७७/०६/३०

१. ग्रामीण विकास लघुवित्त वित्तीय संस्था लि. ले Web Based Core Banking Software खरिद गर्नुपर्ने भएकोले कानून बमोजिम सम्बन्धित निकायमा दर्ता भएका इच्छुक फर्म/कम्पनीहरुबाट सेवा आपूर्ति गर्न बोलपत्र आह्वान गरिएकोछ।

२. बोलपत्र फाराम साथ कवोल गरेको रकमको २.५ प्रतिशतले हुन आउने रकम यस संस्थाको नाममा सिटिजन बैंक ईन्टरनेशनल लि., शाखा कार्यालय, बुटवलमा रहेको खाता नं. ०१२०१००००००५३०१ मा नगद जम्मा गरेको सक्कल भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट यस संस्थाको नाममा जारी भएको र बोलपत्र आरुवान मितिले १२० दिन मान्य अवधी रहेको बैंक जमानतको सक्कल प्रति संलग्न गर्नुपर्नेछ।

३. बोलपत्र फाराम यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र कार्यालय समय (५:०० बजे भित्र) यस संस्थाको प्रधान कार्यालय, बुटवल, सामान्य सेवा विभागबाट पछि फिर्ता नहुने गरी रु. ५,०००।- (अक्षरेपी पाँच हजार मात्र) बुझाई खरिद गर्न सकिनेछ। बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ।

४. बोलपत्र फाराम पेश गर्दा बोलपत्र फाराम खरिद गर्दा नगद जम्मा गरेको सक्कल भौचर सहित संलग्न गर्नुपर्नेछ।

५. दाखिला भएका बोलपत्र फारामहरु २०७७/०७/२१ गते शुक्रबार दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। पूर्व निर्धारित मितिमा कारणवस बोलपत्र नखोलिएको अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधिको गणना पूर्व निर्धारित मितिदेखि नै गरिनेछ।

६. बोलपत्रमा मूल्य अभिवृद्धि कर सहितको लागत रकम अंक र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ। केरमेट भएमा बोलपत्रदाताको सहीछाप हुनु पर्नेछ। म्याद नाघी आएको, रीत नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

७. जुन फर्म, संस्था वा कम्पनीको नामबाट बोलपत्र खरिद गरिएको हो सोहीको नामबाट पेश गर्नु पर्नेछ।

८. बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहनेछ।

९. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस संस्थाको प्रधान कार्यालय, बुटवल, सामान्य सेवा विभागमा कार्यालय समयभित्र फोन नं. ०७१-४३८९५१, ४३८९५३ र ४३७५४४ मा सम्पर्क गर्न सकिनेछ। साथै, यो सूचना संस्थाको वेभसाईट www.gblbs.com.np मा हेर्न सकिनेछ।